# संघीयताको पाँच वर्ष, स्थानीय घोषणा पत्र कार्यान्वयनको वर्तमान अवस्था



**घनश्याम भण्डारी**
नगर प्रमुख
दुल्लू नगरपालिका

# आदरणीय दुल्लू नगरबासीज्यूहरु

## नमस्कार !

नेपालको नयाँ संविधान जारी भएपछि संविधानले परिकल्पना गरेका तिन वटा सरकार मध्ये सबैभन्दा नजिकको सरकारको रूपमा रहेको स्थानिय सरकारको मिति २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निवार्चनमा मलाई विश्वास गरी मतदान प्रदान गरि यहाँहरूको सहयोगले जनताको घरदैलोमा बसरे काम गर्ने 'स्थानीय सरकार' बनाएका थियौं । सोहि क्रममा दुल्लू नगरपालिकामा मेरो नेतृत्वमा दुल्लूमा स्थानिय सरकारको निर्माण भएको कुरा यहाँहरूलाई बिधिदैछ । दुल्लू नगरपालिकाको विकास समृद्धिका लागि यहाँहरूले प्रदान गरेको मतको पूर्ण रूपमा कार्यन्वयन भएको छ । चुनाबी अभियानका क्रममा मैले "तपाई मलाई १ भोट दिनुस् म तपाईलाई समृद्धि दुल्लू नगरपालिका दिनेछु" भन्ने बाचा गरे अनुसार स्थानिय सरकारको अधिकार र आम्दानीको स्रोतलाई मध्ये नजर गरी सकेसम्म समृद्धि दुल्लू नगरपालिका निर्माणको कार्य अगाडि बढाएको छु ।

स्थानिय सरकारको अधिकार क्षेत्र साँधुरो भएको र विकासका लागि प्रदेश र संघीय सरकारको वजेटको भर पर्नुपर्ने बाध्यकारी व्यवस्था बमोजिम धेरै परिकल्पना गरिएका विषयमा कार्य गर्न नसकिएको भएता पनि २०७४ सालको स्थानिय तहको निर्वाचनमा मैले मेरो घोषणपत्रमा वाचा गरेका धेरै योजनाहरू कार्यान्वयन भएका छन् । ऐन कानुन निर्माण गर्नुपर्ने र विकास निर्माणका विषयमा वहुमतको प्रक्रियाबाट अगाडी बढाइनु पर्ने व्यवथा भएको हुदाँ मैले नतृत्व गरि रहको दलका साथिहरू कार्यपालिका र नगर सभामा अल्पमतमा भएका र अन्य दलका साथिहरू बहुमतमा भएको हुदाँ मैले परिकल्पना गरेका कुराहरू अक्षरक्ष कार्यान्वयन गर्न सकिने भने अबस्था रहेको थियन सहमति, सहकार्य र एकताका माध्यमले ५ बर्ष कार्यकाल विना विवाद् सबैको सहयोगले सम्पन्न भएको छ ।

संघीय सरकारले थोरै मात्रामा विकासे बजेट स्थानिय तहलाई दिनु संघीय सरकार र प्रदेश सरकारका यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने माननिय ज्यूहरूले योजना विनियोजनमा दुल्लू नगरपालिकालाई उपेक्षीत गर्नु, स्थानीय तहलाई प्रदान गरिएको वजेटको धेरै खर्च पूजिगँज तर्फ खर्च हुनु, बचेको रकम वडाका जनप्रतिनिधिले दामासाहिका दरले टुक्रे योजनामा विनियोजन गर्नु, संघीय सरकार र प्रदेश सरकारको कार्य क्षेत्रमा रहेका सडक तथा अन्य पूर्वाधारमा संघीय र प्रदेश सरकारले प्रयाप्त र समयमा नै वजेट विनियोजन नगरिदिनु यस्ता विभिन्न कारणले गर्दा सोचे अनुसारको काम गर्न नसकिएकोमा देखिएता पनि यहाँहरूको भरपुर सहयोग र विश्वासका कारण मैले दुल्लू नगरपालिकाको नगर प्रमुख पदमा उम्मेदवारी दिदै गर्दा घोषणा पत्र मार्फत वाचा गरका धेरै

योजनाहरू कार्यान्वयन भएका छन् । २० बर्ष पछि भएको स्थानिय सरकारको परिकल्पना गरी बनाइएको स्थानिय तहका आवश्यक कानुनहरू निर्माणमा नै धेरै समय दिनु परेको छ । दुल्लू नगरपालिकाको कार्यलाई सहज, सरल र जनमूखि बनाउनका लागि करिब १३५ वटा जति स्थानीय कानुनहरू हामीले निर्माण गरेका छौं ।

## हालसम्म भएका प्रमुख उपलब्धीहरू

- न्यून शुल्कमा प्राविधिक शिक्षा अध्ययनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को साझेदारीमा यस नगरपालिकाले कर्णाली प्रदेशमा पहिलो पटक पञ्चकोशी बहुप्राविधिक शिक्षालयको स्थापना गरी डिप्लोमा तहका ४ वटा शैक्षिक कार्यक्रम संचालन गरिरहेको र स्नातक तहमा प्राविधिक शिक्षा अध्ययनका लागि कृषि तथा वन विज्ञान विश्व विद्यालयको आङ्गिक कलेज प्राकृतिक स्रोत व्यवस्थापन कलेज दुल्लूको स्थापना गरी बि.एस्सी एजीको कक्षा संचालन भइरहेको छ ।
- स्थानीय पाठ्यक्रम हाम्रो संस्कृति हाम्रो परम्पराको निर्माण गर्नुका साथै कार्यान्वयन गरेका छौं ।
- धार्मिक सास्कृति र ऐतिहासिक दुल्लू नगरीमा संस्कृत शिक्षाको विकासका लागि पञ्चकोशी वेद विद्याश्रम नाभिस्थान विद्यालयको माध्यमिक तह सम्मको कक्षा संचालन र सोहि स्थानमा नेपाल संस्कृत विश्व विद्यालयको आंगिक क्याम्पस स्थापनाका लागि प्रक्रिया अगाडी बढाइएको छ ।
- कक्षा १ देखि नै प्राविधिक र जिवन उपयोगी शिक्षा प्रदान गर्ने उदेश्यका साथ Learn and earn (पढ्दै कमाउदै/सिक रमाउ अनि कमाउ) विद्यालयको रूपमा नरेश्वर उद्यमशिल विद्यालयको सञ्चालन गरिएको छ ।
- नगरपालिका क्षेत्रमा रहेका ७ वटा धार्मिक, सांस्कृतिक र पुरातात्वतिक रूपले महत्वपूर्ण सम्पदाहरूको संरक्षणका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र यस नगरपालिकाको साझेदारीमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास कार्यक्रम संचालन भई रहेको छ ।
- दुल्लू क्षेत्रमा ठुलो समस्याका रूपमा रहेको खानेपानीको व्यवस्थापनका लागि कर्णाली कोटाथाल लिफ्ट खानेपानी योजना, शाङ्टा र लोहोरे मालिका लिफ्ट खानेपानी योजनाको कार्य तिव्र रूपमा संचालन भई रहेको ।
- संघीय सरकारको सहयोगमा पञ्चकोशी पर्यटकिय क्षेत्रको विकास भइरहेको ।
- नगरपालिकाले दुल्लू अस्पताललाई ५० शय्याको अस्पताल निर्माणका

लागि पूर्वाधार तयार गरिरहेको र साधारण अप्रेसनसहितको सेवा प्रदान गर्नका लागि निक साइमन संस्थासँग समन्वयन गरिएको छ ।

- कर्णाली प्रदेशको नवप्रबर्द्धन कार्यक्रम मार्फत नारायण, चामुण्डाविन्द्रासैनी नगरपालिका र भैरबी गाउँपालिकाको समन्वयमा "स्वस्थ्य नगरपालिका स्वच्छ नागरिक" निर्माणका लागि फोहोरलाई मोहोर कार्यक्रम लागू गरी दुल्लू न.पा.मा रिकोभरी सेन्टर स्थापना गरी फोहारबाट समेत आम्दानी सृजना गर्ने कार्यका लागि प्रस्ताव स्वीकृत भई बजेट विनियोजनसमेत भइसकेको छ । यसबाट दुल्लू, नारायण, चामुण्डाविन्द्रासैनी नगरपालिका र भैरबी गाउँपालिकाको फोहोर व्यवस्थापन हुनेछ ।
- दुल्लू नगरपालिकाका ३ वटा स्थानमा एकिकृत बस्ती विकास आयोजना लागू गर्ने गरी प्रस्ताव स्वीकृत भई रकम विनियोजन समेत भएर प्रदेश सरकारबाट कार्यान्वयन प्रक्रिया अगाडी बढाइसकेको छ ।
- नगरपालिकाकाको आफ्नै प्रशासनिक भवन, सबै वडा कार्यालय र सबै स्वास्थ्य संस्थाका भवनहरूको निर्माण कार्य सम्पन्न भएका छन् ।
- दुल्लू साँस्कृतिक संग्राहलयको स्थापना र सञ्चालन भइरहेको छ ।
- कम दरबन्दी भएका ४५ वटा विद्यालयमा शिक्षक सहयोगका लागि अनुदान उपलब्ध गराइएको छ ।
- नगरपालिका भित्र ४० कि.मी. सडक पक्की कालोपत्रे भएको र हाल ५० कि.मी. सडक पक्की निर्माणधिन अवस्थामा रहेको छ ।
- नगरपालिका भित्र २०५ कि.मी. सडक रहेकोमा उक्त सडकहरूको नियमित सरसफाई तथा सडकहरूको स्तरोन्नती गरिएको छ ।
- दुल्लू नगरपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि प्रत्येक वडामा १३ वटा नमुना विद्यालय सञ्चालन गरिएको छ ।
- सबै स्वास्थ्य संस्था, विद्यालय र वडा कार्यालयसम्म विद्युतीकरण हुनुका साथै फराकिलो सडकको निर्माण गरिएको छ ।
- पारस्परिक सहयोग र समन्वय सहकार्यका लागि नवोबुद्ध नगरपालिका काभ्रेसँग मिति २०७८ पौष २५ गते भगिनी सम्बन्ध कायम गरिएको छ ।
- शिक्षाको गुणस्तर बृद्धि र प्राविधिक सहयोगका लागि काठमाडौं विश्व विद्यालयसँग **MOU** गरिएको ।
- नगरपालिकाको आन्तरिक राजश्व प्रणालीलाई व्यवस्थित गर्नका लागि सवै वडा कार्यालयबाट अनलाईन राजश्व प्रणाली लागू गरिएको छ ।
- दुल्लूको समग्र क्षेत्रको विकासका लागि संबेदनशील भू-उपयोग योजना निर्माण भएको छ ।

- दुल्लू नगरपालिकाको प्रोफाइल निर्माण, आवदिक जल उपयोग योजना, नगर विकास योजना, राजश्व सुधार योजना शिक्षाको आवधिक योजना, विपद् प्रोटल निर्माण गरी सोहिअनुसार कार्य सञ्चालन भइरहेको छ ।
- कोभिड १९ को पहिलो चरणमा वैदेशिका रोजगारीबाट फर्किएका ८००० नागरिकहरूलाई नेपालजँग/महेन्द्रनगरदेखि दुल्लूसम्मको भाडा भुक्तानी गर्नुका साथै सबै सामुदायिक विद्यालयमा क्वारेन्टाईन र आईसोलेसन बनाई नागरिकको स्वास्थ्य सुरक्षाका लागि कार्य भएको थियो ।

मैले घोषणापत्र मार्फत वाचा गरेका वडा अन्तरगतका साना योजनाहरू हाम्रो प्रतिनिधित्त्व नभएको वडामा केहि पुरा भएको देखिँदैन भने हाम्रो नेतृत्त्वमा वडा कार्य समिति भएका वडामा हामीले गरेका बाँचा पुरा भएका छन् । सो बाहेक नगरपालिकाको विकास र समृद्धिका लागि हामीले वाचा गरिएका योजनाको अबस्था तपसिल अनुसार भएको यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु ।

**तपसिल**

१. दुल्लू नगरपालीकामा रहेका सांस्कृतिक, पुरातात्त्विक, धार्मिक, ऐतिहासिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन तथा पर्यटन विकासका लागि तत्सम्बन्धी ज्ञान भएका दुल्लू नगरपालीका स्थानीय व्यक्तित्त्वहरूको सहभागीतामा बढीमा १५ सदस्यहरू पर्यटन प्रबर्द्धन तथा बिकास समितिकको गठन गरिने छ ।

- दुल्लू नगरपालिकाको सांस्कृतिक, पुरातात्विक, धार्मिक, ऐतिहासिक सम्पदाहरूको संरक्षण सम्वर्द्धन तथा पर्यटन विकासका लागि नगर प्रमुखको संयोजनकत्त्वमा कार्यपालिकाका सबै पदाधिकारीहरू सदस्य, राजनैतिक दलका प्रतिनिधिहरू सदस्य, यस क्षेत्रका शैक्षिक व्यक्तित्वहरू डा. श्री मधुसुदन गिरी, प्रा.डा. श्री धनेश्वर नेपाल, प्रा. श्री जगतप्रसाद उपाध्याय, संविधान सभा सदस्य श्री लक्ष्मी प्रसाद पोखरेल लगायत विभिन्न वडाका धार्मिक व्यक्तिहरू सदस्य रहने गरी समिति गठन गरि यस क्षेत्रको सांस्कृतिक, पुरातात्विक, धार्मिक, ऐतिहासिक सम्पदाहरूको प्रचार प्रसारका लागि विभिन्न कार्यक्रमहरूको सञ्चालन भएको थियो । नेपाल भ्रमण वर्ष २०२० मा समेत विभिन्न कार्यक्रम गरिएको थियो ।

२. सांस्कृतिक सम्पदाको पैाचुर्यताका दृष्टिकोणले दैलेख जिल्ला काठमाडौं उपत्यका र लुम्बिनीपछिको तस्रो स्थानमा रहेको र दुल्लू नगरपालीकामा पञ्चकोशी क्षेत्रका महत्त्वपूर्ण चार स्थानका साथै पुरातात्त्वीक तथा ऐतिहासीक दृष्टिले महत्वपूर्ण स्थान रहेकाले यस नगरपालीकालाई दुल्लू सांस्कृतिक तथा धार्मिक नगरपालीका घाषेणा गरिने छ ।

- दुल्लू नगरपालिकाको पहिलो नगर सभाबाट सांस्कृतिक तथा धार्मिक नगरपालीका घाषेणा गरिएको छ ।

३. नेपाली भाषामा उत्कीर्ण गरिएको यस क्षत्रेको पहिलो र एउटामात्र

अभिलेख, पाल वंश र खसमल्ल साम्राज्यको वंशावली रहेको कीतिर्स्तम्भ, पश्चिम नेपालमै अन्यत्र फेला नपरेको पादुकास्थित जैनमूर्ति, सिजाँ साम्राज्यकालका सबै ढुङ्गे दवेलहरू, बाइसे राज्यकालका दुल्लू राज्यका भग्नावशेषहरू रहकोले दुल्लू नगरपालीकालाई विश्व सम्पदासूचीमा सलंग्न गराउनका लागि आवश्यक पहल गर्ने ।

- दुल्लू नगरपालिकालाई विश्व सम्पदा सुचिमा समावेश गराउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइएको छ । सोका लागि यूनेस्कोको सचिवालयले आवश्यक सहजीकरण गर्नुका साथै दुल्लूमा कार्यक्रमसमेत सञ्चालन गरेको छ ।

४. स्कन्दपुराणको वैश्वानर ज्वाला पुराणमा उल्लेख गरिएका शिरस्थान, नाभिस्थान, धुलेश्वर, पादुका, तल्लो डुङ्गेश्वर, भरैवी, कोटीला, बालेश्वर, मालिका तथा स्वामीकातिर्कयको उच्च धामिर्क महत्व रहेकोले सो क्षेत्रको पर्यटकिय विकासका लागि वहृद् पञ्चकोशी विकास योजना तयार गर्ने ।

- शिरस्थान, नाभिस्थान, पादुका, धुलेश्वर, तल्लो डुङ्गेश्वर लगातका पञ्चकोशी क्षेत्रको विकासका लागि डि.पि.आर. तयार पारिएको छ । सबै स्थानहरूमा सोहि डि.पि.आर. अनुसार हरेक वर्ष विकास निर्माणका कार्य अगाडी बढाइएको छ । हाल पञ्चकोशी क्षेत्रका मन्दिरहरूमा फिल्ड निर्माण, प्रतिक्षालय निर्माण, मन्दिर निर्माण, सिढि निर्माण, धर्मशाला निर्माण लगाएता कार्यहरू भएका छन् । यस क्षेत्रमा गत आ.व. मा मात्रै ८ करोड रकम विनियोजन गरि चालु आ.व.मा निर्माण कार्य संचालन भइरहेको छ भने यहि आ.व. मानै संचालन हुने गरी पञ्चकोशी क्षेत्रको विकास र सम्बर्द्धनका लागि यस नगरपालिका र कर्णाली प्रदेश नवप्रबर्द्धन कार्यक्रम मार्फत सबै स्थानमा हाईमास लाइट स्थापना, डिजिटल साईन बोर्ड, डिजिटल नक्सा निर्माण र पञ्चकोशी पद मार्गको निर्माणका लागि बजेट विनियोजन भइसकेको छ ।
- पञ्चकोशी क्षेत्र, बालेश्वर लगायतका क्षेत्रमा फ्रि वाईफाइ जोनको व्यवस्था गरिएको छ भने धुलेश्वरमा हाईमास लाइटको जडान गरिनुका साथै धुलेश्वरमा वनस्पती पार्क समेत निर्माण गरिएको छ । पञ्चकोशी क्षेत्रको थप विकासका लागि आगामी ३ बर्षसम्म लगातार संघीय सरकारको विषेश अनुदान मार्फत वजेट प्राप्त गर्नेगरी प्रस्ताव पेश गरि स्वीकृत भई सकेको छ ।

५. दैलेख जिल्लामा उद्गमस्थल रहेका विभिन्न ३९ वटा जातजातिहरूको उद्गमस्थल मध्ये रिजु, पोखरा, दुल्लु, नेपा, बड, दह, लम्सु लगाएतका ठाँउको बारेमा जानकारी संकलन गरी नगरपालीकाले विशेष प्रकाशन निकाल्ने र जातिय स्मारक निर्माणका लागि विभिन्न सरोकारवालाको समन्वयमा निजि सार्वजनिक साझेदारी अनुसार बस्ती विकासका कार्यक्रम संचालन गर्ने ।

- दुल्लू नगरपालिका सबै जातिय उदण्गम स्थानहरूमा पहिचान गर्नका लागि साईनबोर्ड राखिएको छ र दैलेख जिल्लाका सबै जातिय उदण्गम स्थानहरूमा साईन बोर्ड राखिएको छ भने जातिय उदण्गम स्थल तथा अन्य धार्मिक सांस्कृतिक परिवेससंग जोडिएको लेखक नारायण प्रसाद तिमिल्सेनाको पुस्तक दैलेखी साहित्य पुस्तकको प्रकाशन दुल्लू नगरपालिकाले गरेको छ ।

६. दुल्लू नगरको पर्यटन बिकासका लागी यातायात तथा वासस्थानको समुचित व्यवस्था द्रुत गतिमा निर्माण हुँदै गएकोले दुल्लू नगरपालीकाको पहलमा नेपाल पर्यटनन बोर्डको गन्तव्य सुचीमा सुचिकृत गराउन पहल गर्ने ।

- दुल्लू नगरपालिकाले पर्यटन विकासका लागि दुल्लू न.पा. वडा नं. ८ मा पर्यटन सुचना केन्द्रको स्थापना र संचालन गरेको छ । नेपाल पर्यटन बोर्डको गन्तव्य सुचीमा सुचिकृत गरिदिन यस नगरपालिकाले पहल गर्दा संघीय सरकारको अन्तराष्ट्रिय सम्बन्ध सहयोग तथा पर्यटन पूर्वाधार समितिका संयोगका माननिय सांसदहरूको टोलि यस नगरपालिकामा आई पञ्चकोशी क्षेत्रको अवलोकन भर्मण गरि गन्तब्य सुचिमा समावेश गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

७. सांस्कृतिक सम्पदाहरू द्रुत गतिमा लोप हुँदै गएकोले सो को सरंक्षण सम्वर्द्धनका लागि तत्काल तिनको सूचीकरण गरी विशेष योजनाका साथ संरक्षण सम्वर्द्धनमा पहल गर्न दुनपा ८ पौवामा सांस्कृतिक सग्रांहालयको स्थापना गर्ने ।

- सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका दुल्लू न.पा. वडा नं. ८ मा काजी जसपाउँ थापाको पौवा दरवारमा दुल्लू सांस्कृतिक संग्राहालयको स्थापना र संचालन गरिएको छ । उक्त संग्राहालयमा राखिएका पुरातात्तीक वस्तुहरू दुल्लू न.पा.का नागरिकहरूबाट निशुल्क हस्तान्तरण गरिएको थियो ।

८. दुल्लु नपा ७ मा रहेको इलाका हुलाक कार्यालय दुल्लु, सुफल विक्रम शाह, हिरा खड्का र लोक बहादरु दानीको नाममा रहेको जग्गामा नेपाली भाषाको पहिलो शिला स्तम्भ र कृर्तिखम्भ रहेको सो जग्गाको मुआब्जा दिई स्मारक निमार्णका लागि पुरातत्व विभाग को स्वीकृतीमा दामोपाल किर्तिखम्व उद्यान स्थापना गर्ने ।

सुफल विक्रम शाह र हिरा खड्काको जग्गालाई मुआब्जा प्रदान गरि नेपाली भाषाको पहिलो शिलालेख दामोपाल शिलालेखको संरक्षण गरि किर्तिखम्ब उद्यान संचालन गरिएको छ ।

९. दुल्लू नगरपालीका वडा न ं ५ र १३ मा पर्यटन पूर्वाधाारका लागि हवाई मैदान निर्माण गर्न पूर्वाधार अध्ययन गरि निर्माण कार्य अघि बढाउने ।

- दुल्लू न.पा. वडा नं. १३ मा हमाईमैदान निर्माणका लागि कार्यपालिकाको बैठकबाट निर्णय गरि निर्माण कार्य अगाडी बढाईदिन संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयलाई अनुरोध गरिएको छ ।

१०. पञ्चकोशी क्षेत्रको महत्वपूर्ण स्थान स्वामीकार्तिकेय र भैरबी मन्दिर सम्म जाने सडक निर्माण गर्ने ।

- स्वामीकार्तिकेय र भैरबी मन्दिर जोड्ने पक्की सडक निर्माणका लागि मध्यपहाडी राजमार्गसंग जोडिएका भित्रि सडक स्तरोन्नती कार्य अन्तरगत योजना समाबेस गरिएको र उक्त कार्यक्रमले उक्त सडक निर्माणका लागि बहु बर्षिक ठेक्का प्रक्रिया मार्फत कार्य अगाडी बढाएको छ ।

११. पञ्चकोशी क्षेत्रको पदमार्ग निर्माणका लागि आवश्यक बजटेको विनियो जन गर्ने ।

- चालु आ.व.मा पञ्चकोशी क्षेत्रको विकास र सम्बर्द्धनका लागि यस नगरपालिका र कर्णाली प्रदेश नवप्रबर्द्धन कार्यक्रम मार्फत पञ्चकोशी पदमार्गको निर्माणका लागि वजेट विनियोजन भई सकेको छ ।

१२. दुल्लू अस्पताललाई जनघनत्व र चापका आधारमा ५५ सैयाको बनाउने ।

- दुल्लू अस्पताल कर्णाली प्रदेश मै स्थानीय तहले संचालन गरेको एक मात्र अस्पताल हो । यस अघि १५ सैंयाको अस्पताललाई वि.स. २०७७ सालमा ५० सैंयाको स्वीकृतीका लागि पूर्वाधार तयार पारि नगर सभाबाट दरबन्दी स्वीकृत गरि हाल ३ जना डाक्टरहरू कार्यरत रहेको र नर्मल अप्रेसन समेत गर्न सक्ने व्यबस्था भएको छ ।

१३. नेपाल विद्युत प्राधिकरण दुल्लु सव स्टेशनन निर्माण कार्य अवरूद्ध भएकाले तत्काल अगाडी बढाउने ।

- नेपाल विद्युत प्राधिकरण दुल्लू सभ स्टेशनको संचालन भई हाल सोहि स्थानबाट सेवा प्रदान गरिरहेको छ ।

१४. दुल्लु नगरपालिकामा औद्योगिक क्षेत्र स्थापनाका लागि औद्योगिक क्षेत्र पर्बर्द्धर्न बोर्डको स्थापना गर्ने ।

- दुल्लू नगरपालिमा औद्योगिक ग्राम स्थापनाका लागि दुल्लू न.पा. वडा नं. ६ मा जग्गा प्राप्तीको काम भई रहेको छ ।

१५. दुल्लु नपा ८ मा रहेको नेपाली सेनाले उपयोग गरिरहेको गढीको जग्गा अतिक्रमण गरि सेनाको वेशक्याम्प स्थायी गर्न जगीं अड्डा र रक्षा मन्त्रालयमा अनुरोध गर्ने ।

- स्थायी गर्नका लागि नेपाली सेनाको जंगी अड्का र रक्षा मन्त्रालयमा फाइल पेश गरिएको छ र जग्गाको मुआब्जाका लागि रक्षा मन्त्रालयले आगामी आ.व.मा बजेटको व्यबस्था गर्न अर्थ मन्त्रालयलाई परिपत्र गरि

सकेको छ भने मुआव्जा रकम बढि भएको हुदाँ कामले गति लिन सकेको छैन ।

१६. दुल्लू ८ को बालेश्वरमा यस वर्ष देखि सञ्चालित सहिद पूर्णस्मृति उद्यानको बिस्तार तथा बिकास गर्ने ।

- दुल्लू ८ को बालेश्वरमा सहिद पूर्णस्मृति उद्यानको स्थापना र संचालन गरिएको छ । उक्त स्थानमा अवलोकन गर्न बार्षिक करीब १० हजार आन्तरिक पर्यटकहरू आउने गर्दछन् । यस बर्ष पुरातत्व विभागको ठेक्का मार्फत मन्दिर मर्मत गर्ने कार्य अगाढी बढाइएको छ ।

१७. द्रोणाचल क्याम्पस दुल्लु लाई म.प. विश्व विद्यालयमा आंगिक क्याम्पसका रूपमा समायोजन गर्न पहल गर्नुका साथै स्नातकोत्तर तह सञ्चालन गर्ने ।

- म.प. विश्व विद्यालयमा आगिक क्याम्पसका रूपमा समायोजन गर्न आवश्यक प्रक्रिया अगाडी बढाईएको र नेपाली र शिक्षा विषयमा स्नातकोत्तर तह सञ्चालन भई सकेको छ । यसले कम खर्चमा उच्च शिक्षा घरदैलोमा अध्ययन गर्न पाइएको छ ।

१८. दुल्लु नगरस्तरीय अनुकुलन योजना निर्माण गरी कार्यक्रम अगाडी बढाउने ।

- दुल्लू न.पा.का सबै वडाहरूमा आशा कार्यक्रमको सहजीकरणमा नगरस्तरीय अनुकुलन योजना निर्माण गरि सोहि योजना अनुरूप वार्षिक ३० वटा जति योजना निर्माण भई रहेको छ ।

**१९. दुल्लू न.पा. ८ मा निर्माणाधिन पञ्चकोशी पोलिटेक्निकल इन्स्टिच्यूटको पूर्वाधार बिकास गरि शैक्षिक कार्यक्रम संचालन गर्ने ।**

- दुल्लू न.पा. वडा नं. ८ मा पञ्चकोशी वहु प्राविधिक शिक्षालयको स्थापना तथा पूर्वाधार तयारगरि न्यून शुल्कमा हाल ४ वटा डिप्लोमा तहका कार्यक्रम संचालन भई रहेको छ । जसमा सिभिल इन्जिनियरिङ्ग, कम्प्यूटर इन्जिनियरिङ्ग, वन विज्ञान र पशु विज्ञान हाल संचालन भई रहेको छ भने आगामी बर्ष देखि स्वास्थ्य तर्फ नर्सिङ्ग, फार्मेसी, ल्याव, हेल्थ असिस्टेन्ट अध्यापन हुनेगरी प्रक्रिया अगाडी बढाईएको छ । हाल उक्त शिक्षालयमा देशै भरीकै सबैभन्दा न्यून शुल्कमा अध्यापन गराईन्छ ।

२०. यस चालु आ.व.को बजेटमा समावेश भएको दुल्लु कृर्षि क्याम्पसको सम्बन्धनका लागि कृर्षि तथा वन विज्ञान विश्व विद्यालय रामपुर चितवनसँग माग गर्ने र पूर्वाधार विकासका गर्ने ।

- दुल्लू न.पा. १३ मा कर्णाली प्रदेशकै एकमात्र कृषि तथा वन विज्ञान विश्व विद्यालयको आंगीक कलेज प्राकृतिक स्रोत व्यवस्थापन कलेजको स्थापना तथा पूर्वाधार तयार गरी हाल दोस्रो व्याचमा कृषि विषयको कक्षा संचालन भई सकेको छ भने पशु र वनको कक्षा संचालनका लागि प्रस्ताव पेश गरिएको छ ।

२१. सामाजिक सेवा सञ्चार सहकारी दुल्लु नपा ८ दैलेखको नाममा वहुउद्देश्यीय सामुदायीक भवन निर्माण गरि सञ्चार क्षेत्रको बिकास गर्ने ।

- सामाजिक सेवा सञ्चार सहकारी दुल्लु नपा ८ दैलेखको नाममा वहुउद्धेश्यीय सामुदायीक भवन निर्माण गरि सकिएको छ ।

२२. दुल्लु नगरपालिका वडा नं. ८ वा ९ मा राजमार्ग सामुदायीक अस्पताल सचांलन गर्ने ।

- दुल्लू न.पा. वडा नं. ८ र ९ को सेन्टरमा मध्ये-पहाडी राजमार्गसंग जोडिएको क्षेत्रमा सामुदायिक अस्पताल संचालनका लागि अपर कर्णाली जल विद्युत आयोजना र मध्यपहाडी राजमार्ग आयोजनासंग प्रक्रिया अगाडी बढाइएको छ । सोको लागि जग्गा खरिद कार्य र अस्पताल समेत दर्ता भएको छ ।

२३. दुल्लु नगरपालिकाको नगर सडक गुरू योजना परिमार्जन गरि नगरको रिगरोडलाई बहुबर्षिय योजनामा समावेश गरि निर्माण कार्य पुरा गर्ने ।

- नगर सडक गुरू योजनाको निर्माण गरिएको छ । जसमा केन्द्रीय र प्रदेश तहका सडकहरू केन्द्र र प्रदेशले तोकेको मापदण्ड अनुसार निर्माण हुने र नगरपालिकाका स्थानिय भित्रि सडकहरू ८ मिटरका कायम गरी काम गरिएको छ । नगरको रिङ्गरोड निर्माणका लागि ट्रयाक खोल्ने काम भएको छ र स्तरोन्तीका लागि आवश्यक वजेट संघ र प्रदेशमा माग गरिएको छ ।

२४. दुल्लू नगरपालीका का वडा नं. ११,१२ र १३ का नागरिकहरूको आधारभूत स्वास्थ्य सेवाका लागि बिनायकमा मालिका सामुदायिक अस्पतालको सचांलन गर्ने ।

- विनायकमा मालिका शहरी स्वास्थ्य केन्द्र स्थापना तथा संचालन भएको छ । अस्पताल सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण कार्य सञ्चालन भएको छ ।

२५. दुल्लू नगरपालीका वडा नं. ६ छिउडिमा सुन्तलाबाली अनुसन्धान केन्द्रको स्थापना गर्ने ।

- सुन्तलाबालीको विकासका लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत सुन्तला जोन कार्यक्रम लागु गरिएको छ । छिउडी लगायतका स्थानमा सुन्तला तथा सुन्तला जातका फलफुलको हाइटेक नर्सरी स्थापना गर्नुका साथै छिउडीमा शीत भण्डारको निर्माणका लागि पहल गरिएको छ ।

२६. शसस्त्र द्धन्द्धका क्रममा आगजनिका कारण पुर्ण रूपमा ध्वस्त भएको ऐतिहासिक दुल्लु दरबारको पुर्ननिर्माण गरि दरवार संग्राहलयका रूपमा बिकास गर्ने ।

- ऐतिहासिक दुल्लु दरबारको निर्माणका लागि भारतिय राजदुतावासमा प्रपोजल पेश गरिएको छ भने । सो दरबार रहेको स्थान व्यक्तिको नाममा भएको हुदाँ उक्त जग्गा नेपाल सरकारका नाममा प्राप्तीका लागि प्रक्रिया अगाडी बढाइएको छ ।

२७. यस प्रदेशमा रहेको एक मात्र धार्मिक विद्यालय पञ्चकोशी वेद विद्याश्रम दुल्लू १० नाभिस्थानको भौतिक पुर्वाधार विकास गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

- पञ्चकोशी वेद विद्याश्रम विद्यालय नाभिस्थानमा धार्मिक विद्यालय स्थापना गरि हाल कक्षा १२ सम्मको अनुमति प्रदान गरिएको छ । हाल उक्त विद्यालयमा ३० जना विद्यार्थीहरू अध्ययरत रहेका छन् । विद्यालय भौतिक निर्माको कार्य केहि भएको छ भने केहि निर्माणाधिन अबस्थामा रहेका छन् । माथिल्लो तहको सस्कृत शिक्षा अध्ययनका लागि नेपाल संस्कृति विश्व विद्यालयको आंगिक कलेजका रूपमा स्थापना तथा संचालनका लागि नेपाल संस्कृत विश्व विद्यालयमा प्रस्ताव पेश गरिएको छ ।

२८. दैलेख जिल्लाको पर्यटन गुरूयोजनामा समावेश भएको पर्यटन सुचना केन्द्र दुल्लु नगरपालिकामा स्थापना गर्ने ।

- दुल्लू न.पा. वडा नं. ८ मा पर्यटन सुचना केन्द्रको स्थापना तथा संचालन गरिएको छ । उक्त केन्द्रमा हाल १२ वटा कम्प्यूटर जडान गरिनुका साथै फ्रि वाईफाई जडान गरिएको छ ।

२९. यस क्षेत्रमा रहेको एकमात्र प्राबिधिक तथा ब्यवसायिक धारको बिद्यालय विजया प्राबिधिक तथा ब्यवसायिक माध्यमिक बिद्यालय लाई नमुना बिद्यालय वनाउदै बहुउदेश्ययी बाचनालय, पुस्तकालय, सेमिनारहल छात्रवास र शौचालय सहितको भवन निर्माण गर्ने ।

- दुल्लू नगरपालिकाको पहलमा दुल्लू न.पा. वडा नं. ७ स्थित विजया माध्यमिक विद्यालयलाई नेपाल सरकारको नमुना विद्यालय निर्माण गरि हाल उक्त विद्यालयमा कृषि प्रयोगशाला, छात्रावास सहितको विद्यालय निर्माण, कक्षा १ देखि १० सम्म अंग्रेजी माध्याममा अध्यापन, वाचनालय, सुविधा सम्पन्न पुस्तकालय लगायत प्रयाप्त विद्यालय भवनको निर्माण गरिएको छ ।

३०. तल्लोडुङ्गेश्वर दुल्लू कुसापानी सडकलाई स्तरोन्नती गरि कालोपत्रे गर्ने ।

- यस क्षेत्रको महत्वपूर्ण तथा मुख्य सडकका रूपमा रहेको तल्लोडुङ्गेश्वर दुल्लू कुसापानी सडक वि.स. २०४८ सालमा ट्रयाक खोल्ने कार्य संचालन भएको भएता पनि वि.स. २०७४ सालसम्म त्यसको स्तरोन्नतीका लागि कुनै पहल कदमी भएको देखिएन पछिल्लो समयमा संघीय सरकारलाई बेलाबेलामा अनुरोध गर्दा गत आ.व.मा उक्त सडकको स्तरोन्नती तथा कालोपत्रेका लागि वहुवर्षिय ठेक्का भएको र हाल उक्त सडक निर्माणको

कार्य धमाधम भई रहेको छ भने आगामी आ.व. ०७९/०८० मा सम्पन्न गर्नका लागि वजेट विनियोजन भई सकेको छ र यो सडक राष्ट्रिय सकडमा सूचिकृत भएको छ ।

३१. माथिल्लो डुङ्गेश्वर, तितेपाल्त, कालाखोला, तोराया, भुकाहाँ, गमौडी, दुल्लू सडक निर्माण गर्ने ।

- माथिल्लो डुङ्गेश्वर, तितेपाल्त, कालाखोला, तोराया, भुकाहाँ, गमौडी, दुल्लू सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नतीको काम, नाला निर्माण र ग्वीनको कार्य भई रहेको छ ।

३२. दुल्लू नगरपालीका वडा नं. १३ को बिनायकमा प्रादेशिक रंगशालाको निर्माण गर्ने ।

- दुल्लू नगरपालीका वडा नं. १३ को बिनायकमा प्रादेशिक रंगशाला निर्माणका लागि रू ८ करोडको लगानीमा संचालन गर्ने गरि डि.पी.आर तयार निर्माण गरि सकिएको छ र उक्त कार्य गर्नका लागि आगामी आ.व.को वजेटमा समावेश हुनेगरी कर्णाली प्रदेशको समपुरक कार्यक्रम तर्फ प्रस्ताव पेश गरिएको छ ।

३३. पञ्चकोशी धार्मिक पर्यटन विकासका लागी यस क्षत्रे भित्र पर्ने सम्पूर्ण मठ मन्दिरहरू लाई जोड्न मोटर वाटाको निर्माण गर्दै आवश्यक स्थानहरूमा सडक पुलको निर्माण गर्ने ।

- पञ्चकोशी पद मार्ग तथा पञ्चकोशी मोटरबाटो निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाइएको छ । यसका लागि चालु आ.व. भित्रै कर्णाली प्रदेश नवप्रर्द्धन कोष साझेदारी कार्यक्रमले वजेट विनियोजन गरि सकेको छ र आवश्यक स्थानमा पुल निर्माणको कार्य समेत अगाडी बढाइएको छ भने धेरै जसो मज्दिरहरू सडक संजालमा जोडिएका छन् ।

३४. नगरपालीका क्षेत्र भित्रका बालवालीकाहरूको सर्वाङ्गीण बिकास तपसिल अनुसारका स्थानहरूमा वालउद्यान निर्माण गर्ने ।

वडा नं. १ देउतीचौर वडा नं. २ वडापोखरा वडा नं. ३ नारीकामूल वडा नं. ४ शान्तिवजार वडा नं. ५ बडीकाडाँडा वडा नं. ६ पुसाकोट वडा नं. ७ पटाङ्गिनी वडा नं. ८ छहरेखोला वडा नं. ९ काब्डीखाडा वडा नं. १० राउसे वडा नं. ११ तोराया वडा नं. १२ दह वडा नं. १३ हाडेआवत

- हाल दुल्लू न.पा. वडा नं. २ को लङ्चापिङ, वडा नं. ६ को छिउडी पुसोकाट, वडा नं. ८ को वालेश्वर र धुलेश्वरमा वालउद्यान निर्माण भइसकेको र अन्य स्थानमा निर्माण गर्ने योजना रहेको छ ।

३५. नगरपालीका क्षेत्र भित्र रहेका सम्पर्ूण आधारभूत तथा माध्यामिक बिद्यालयहरूको भौतिक तथा शैक्षिक बिकास गर्ने ।

- यस नगरपालिका भित्रका नागरिकहरूको शैक्षिक गुणस्तर बृद्धिका लागि

हरेक वडाका १/१ वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास सोहिअनुसार सञ्चालन गरिएको छ र अन्य सबै विद्यालयमा भौतिक पूर्वाधारको प्रयाप्त निर्माण गरिएको छ ।

३६. नगरक्षेत्र भित्ररहेका पानीका स्रोतको सरंक्षणका लागी एकिकृत खानेपानी तथा सरसफाई गुरू योजना निर्माण गरि कार्यान्वयन गर्ने ।

- हेल्भेटास नेपाल, सामाजिक सेवा केन्द्र सोसेक दैलेखको सहजीकरणमा एकीकृत खानेपानी तथा सरसफाई गुरू योजना निर्माण गरी कार्यान्वयन ल्याइएको छ । जस अन्तरगतका योजनाहरू मध्ये विभिन्न संघ संस्थाहरूले वार्षिक करिब ३० वटा योजनाहरू निर्माण गर्ने गरेका छन् ।

३७. प्रत्येक वडाहरूमा वडा प्रहरी कार्यालयको स्थापना गरि शान्ति सुरक्षा बहाल गर्ने ।

- दुल्लू न.पा. वडा नं. १३ मा प्रहरी पोष्टको स्थापना गरि हाल संचालन भई रहेको छ भने दुल्लू न.पा. वडा नं. ३ को सियाला, वडा नं. ६ को पुसाकोट र वडा नं. ८ को चगत्रामा प्रहरी पोष्ट राख्ने गरी कार्यपालिकाले निर्णय गरि प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाइएको छ ।

३८. नगरपालीका क्षेत्र भित्रका १५०० युवाहरू रोजगारीको सृजनागर्न युवा कृषि तथा पशुपालन सहकारीको बिकास गर्दै स्व-रोजगारीको अवसर सृजना गर्ने ।

- युवाहरूलाई स्थानीय स्तरमा नै रोजगारी सृजना गर्ने गरी सबै वडामा कृषि तथा पशुपालन सहकारी संचालन गरिएको छ । समयसमयमा वीउविजन वितरण, व्यावसायीक विभिन्न प्रकृतिका फर्महरूलाई सामाग्री तथा पुर्वाधारमा सहयोग, कोभिडबाट रोजगारी गुमाएका ३६५ जना नागरिकहरूलाई नगद हस्तान्तरण कार्यक्रम गरिएको छ । सहकारी मार्फत व्यावसायीकलाई व्यवसायीक बृद्धिका लागि विभिन्न प्रकृतिका सहयोगहरू गरिएको छ ।

३९. जेहेन्दार तथा दलित बिद्यार्थीहरूका लागी रू एक करोडको नारायण प्रसाद शर्मा स्मृति अक्षयकोष को स्थापना गरि हरके बर्ष पाचँ जना छात्र तथा पाँच जना छात्राहरू लाई प्राबिधिक शिक्षा प्रदान गर्ने ।

- अक्षयकोष स्थापना गरि सिमित विद्यार्थीलाई छात्रबृति प्रदान गर्नु भन्दा न्यून शुल्कमा प्राविधिक शिक्षा पढ्न योग्यता पुगेका धेरै इच्छुक विद्यार्थीलाई अध्यापन गराउने उदेश्यका साथ पञ्चकोशी वहु प्राविधिक शिक्षालय र प्राकृतिक स्रोत व्यवस्थापन कलेजको स्थापना तथा संचालन गरिएको छ ।

४०. शहिद पूर्ण भण्डारी कृषि कोषको स्थापना गरी प्रत्येक वडाका ५ जना कृषकलाई व्यवसायिक कृषिको अवधारणाको विकासका लागि आवश्यक

आधुनिक कृषि औजार, प्रबिधि तथा उन्नत जातको बिउबिजन बितरण तथा तालिम प्रदान गर्ने ।

- पूर्णस्मृति प्रतिष्ठान गठन गरी कृषि कोषको स्थापनाका लागि आवश्यक कार्य अगाडी बढाइएको छ ।

४१. हाल व्यवसायीक कृषिमा संलग्न रहेका कृषकहरू लाई प्रोत्साहित गर्न वार्षिक प्रोत्साहन भत्ताको ब्यवस्थागर्ने ।

- प्रदेश सरकारसंगको समन्वयमा उत्पानद प्रोत्साहन कार्यक्रम लागू भई सकेको छ ।

४२. उज्यालो दुल्लू कार्यक्रम संचालन गरी सम्पूर्ण वडाहरूमा विद्युतिकरण गर्ने ।

- उज्यालो दुल्लू कार्यक्रमका लागि पहिलो चरणमा दुल्लू न.पा. वडा नं. २, ३ र ४ मा विद्युतीकरण कार्यक्रम संचालन गरिएको र बाँकी वडाहरूमा क्रमश संचालन गर्ने कार्य तय गरिएको छ । अन्य वडाका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा विद्युत पुर्‍याउनुका साथै धेरै जसो बस्तीहरूमा विद्युतीकरणको कार्य सम्पन्न भएको छ ।

४३. नगरक्षेत्र भित्रका गोरेटो बाटाहरूको स्तरोन्नती गर्ने ।

- नगर क्षेत्र भित्रका केहि बाटाहरूको स्तरोन्नतीको कार्य संचालन भइरहेको छ भने केहि सडकहरूको स्तरोन्नती गर्ने कार्य क्रमश भइरहेका छन् र प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत् स्तरोन्नतीको कार्य अगाडी बढाइएको छ ।

४४. विद्यालय पँहुचभन्दा टाँढा रहेका बालबालिकाहरूका लागि बालबालिकापार्क सहितका बाल विकास केन्द्रहरूको स्थापना गर्ने ।

- दुल्लू नगरपालिका भित्र विद्यालयको क्षेत्रभित्र ५६ वटा बाल विकास केन्द्रको स्थापना तथा संचालन भइरहेको छ ।

४५. बारातडीमा जलपार्कको निर्माण गरी पर्यटन प्रबर्द्धन गर्ने ।

- दुल्लू न.पा. वडा नं. १, ५ र ४ को केन्द्र विन्दुमा पर्ने बारातडीमा जल पार्क निर्माणका लागि रू २२ करोडको डि.पी.आर. निर्माण गरी प्रदेश सरकार मार्फत आगामी आ.व. ०७९/०८० मा निर्माणका लागि प्रस्ताव स्वीकृत भई सकेको छ भने नगरपालिकाले साझेदारी गर्नुपर्ने रकम समेत विनियोजन गरि सकेको छ ।

४६. दुल्लू नगरपालीकाको वडा नं. २ को कोटाथला र वडा नं. ५ को सिद्धस्थली र वडा नं. १३ को मालीकामा भ्यू टावर निर्माण गर्ने ।

- हाल दुल्लू न.पा. वडा नं. २ को कोटाथालमा भ्यू टावरको स्थापनाका लागि निर्माण कार्य सञ्चालन भइरहेको छ ।

४७. दुल्लू नगरपालीकाको उपयुक्त स्थानको छनौट गरी चिडियाखानाको निर्माण गर्ने ।

- दुल्लू न.पा. वडा नं. ५ मा चिडियाखाना निर्माणका लागि जग्गा छनौट गरी सकिएको छ ।

४८. नाभिस्थान, पादुकास्थान, धुलेश्वर, बालेश्वर, तल्लोडुङ्गेश्वर र श्वामीकार्तिकेमा धर्मशाला निर्माण गर्ने ।

- हाल पञ्चकोशी क्षेत्रका मन्दिरहरूमा फिल्ड निर्माण, प्रतिक्षालय निर्माण, मन्दिर निर्माण, सिढि निर्माण, धर्मशाला निर्माण लगाएता कार्यहरू भएका छन् । यस क्षेत्रमा गत आ.व. मा मात्रै ८ करोड रकम विनियोजन गरि चालु आ.व.मा निर्माण कार्य संचालन भई रहेको छ भने यहि आ.व. मानै संचालन हुने गरी पञ्चकोशी क्षेत्रको विकास र सम्बर्द्धनका लागि यस नगरपालिका र कर्णालीप्रदेश नवप्रबर्द्धन कार्यक्रम मार्फत सबै स्थानमा हाईमास लाइट स्थापना, डिजिटल साईन बोर्ड, डिजिटल नक्सा निर्माण र पञ्चकोशी पदमार्गको निर्माणका लागि वजेट विनियोजन भई सकेको छ ।

४९. परम्परागत सिचांई प्रणालीलाई परिवर्तन गर्दै आधुनिक सिंचाई, कूलो तथा पाईपलाईनको बिस्तार गर्ने ।

- विभिन्न वडाहरूमा पक्की सिँचाई कुलो निर्माणका, पाईपलाइन विस्तार गर्नुका साथै करिब १५० वटा जति विभिन्न स्थानमा सिँचाई पोखरीको निर्माण भएको छ ।

५०. गुठी जग्गालाई रैकर तिरो तिर्ने व्यवस्था मिलाई गुठीलाई रैकर परिणत गर्न सम्बन्धीत निकायमा पहल गर्ने ।

- गठुी जग्गालाई रैकर जग्गा जस्तै बनाउनका लागि संघीय सरकारको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई यस क्षेत्रका माननिय सहित यस नगरपालिकाको टोलिले ज्ञापन पत्र बुझाएको थियो । उक्त जग्गाको व्यवस्थापनका लागि मन्त्रालय र गुठी संस्थानबाट समेत अनुगमन भई यहाँको बस्तुस्थितिका बारेमा सरोकारवाला व्यक्तिसंग नगरपालिकामा अन्तरक्रिया सम्पन्न गरिएको थियो । संषदको प्राकृतिक स्रोत व्यवस्थापन समितिले संसद अधिबेशनमा समेत प्रस्ताब लिएको थियो । हाल उक्त कार्य छलफलका क्रममा रहेकोम छ ।

५१. माथिल्लो डुङ्गेश्वर बैसाला, घाराखाली, तोलीपिपल, लुजई हुँदै रातीमाटा दुल्लू जोड्ने सडक निर्माण गर्ने ।

- सडकको ट्रयाक खोल्ने काम सम्पन्न भएको तथा स्तरोन्नतीका लागि आवश्यक प्रक्रिया अगाडी बढाईएको छ ।

५२. लोहोरेखोला बकै मालीकाडाँडा लिफ्टिङ्ग खानेपानी योजना सचं ालन गरी दुल्लू नगरपालीकाको वडा नं. ५, ६, ७, ८, १०, ११, १२ र १३ को खानेपानी योजना समस्या समाधान गर्ने ।

- दुल्लू क्षेत्रमा ठुलो समस्याका रूपमा देखिएको खानेपानी व्यवस्थापनका लागि २ वटा ठुला खानेपानी योजनामा वहु वर्षिकय ठेक्का प्रक्रिया मार्फत हाल निर्माणाधिन अबस्थामा रहेका छन् । दुल्लू नगरपालिकाले डि.पि.आर. निर्माण गरी दुल्लू न.पा. वडा नं. १,२,३,४,५,७,८ र ९ को खानेपानी कर्णाली कोटथाला लिफ्ट खानेपानी आयोजना संचालन गर्ने र दुल्लू न.पा. वडा नं. ६,१०,११,१२ र १३ मा लोहोरे मालिका लिफ्ट खानेपानी आयोजना संचालन गर्ने गरी योजना बनाईएको छ । सोहि अनुसार चालु आ.व. सम्म कर्णाली लिफ्ट खानेपानी अन्तरगत ठेकेदारले ३ ठाउँमा ठुला स्टक ट्याङ्की निर्माण गरिसकेको छ भने लोहोरे लिफ्ट खानेपानीको १ वटा स्टक ट्याङ्की निर्माण गरिरहेको छ । अबको २ बर्ष भित्र दुबै खानेपानी योजनाको काम सम्पन्न गरी नागरिकहरूलाई खानेपानी पुऱ्याई सक्ने नगरपालिकाले लक्ष्य लिएको छ ।

५३. दुल्लू नगरपालिकाका सवै वडाहरू वा नगरपालीकाको केन्द्रसम्म आउन जान सहजताका लागी नगर वस संचालन गर्ने ।

- दुल्लू नगरपालिका भित्रका सबै सडकहरूको स्तरोन्नतीको काम सम्पन्न भएमा नगर बस संचालन गर्ने गरी रणनिति तय गरिएको छ ।

**आगामी आ.व. मा संचालन गर्ने गरी यस नगरपालिकाले हालसम्म विभिन्न मन्त्रालय तथा केन्द्रिय विभागहरुमा माग गरिएको थप बजेट तथा कार्यक्रमहरु**

१) दुल्लू अस्पताल भौतिक पूर्वाधार निर्माणका लागि रू ५ करोड माग गरिएको छ ।

२) राजमार्ग सामुदायिक अस्पताल निर्माणका लागि रू ४ करोड माग गरिएको छ ।

३) पशु बधशाला निर्माणका लागि रू २ करोड माग गरिएको छ ।

४) सिटिहल निर्माणका लागि रू ३ करोड माग गरिएको छ ।

५) बारतडी शान्तिवजार सडक कालोपत्रे निर्माणका लागि रू ५ करोड माग गरिएको छ ।

६) किसान वजार प्रबर्द्धन आयोजना (किसा एग्रो माग) का लागि रू २ करोड माग गरिएको छ ।

७) सित भण्डारी निर्माणका लागि रू ५ करोड माग गरिएको छ ।

८) बसपार्क निर्माणका लागि रू ३ करोड माग गरिएको छ ।

९) औधोगीक ग्राम स्थापना तथा संचालनका लागि रू ६ करोड माग गरिएको छ ।

१०) रंगशाला निर्माणका लागि रू ८ करोड माग गरिएको छ ।

११) धुलेश्वर बनस्पती पार्क निर्माणका लागि २ करोड माग गरिएको छ ।

१२) दुल्लू सांस्कृतिक भवन (दरबार) निर्माणका लागि रू ४ करोड माग गरिएको छ ।

१४) शान्ति बजार पातिकाल्ला भानेश्वर सडक निर्माणका तथा कालोपत्रेका लागि रू ५ करोड माग गरिएको छ ।

१५) पशु अस्पताल तथा पशुरोग प्रयोगशाला निर्माणका लागि रू ४ करोड माग गरिएको छ ।

१६) नगरपालिकाको रिङरोड कालोपत्रे निर्माणका लागि रू १० करोड माग गरिएको छ ।

१७) शान्तिवजार नेपा पिपलगाडी सडक कालोपत्रे निर्माणका लागि रू ७ करोड माग गरिएको छ ।

१८) दुल्लू इन्जिनियरिङ्ग कलेजको भौतिक पूर्वाधार निर्माणका लागि रू १० करोड माग गरिएको छ ।

अन्तमा, २०७४ सालको स्थानीय तहको निर्वाचनमा मलाई विश्वास गरी मतदान प्रदान गर्नु हुने सम्पूर्ण दुल्लूबासी नागरिकहरूको सदाका लागि ऋणी भएको छु । मलाई जहाँसम्म लाग्दछ, यहाँहरूको विश्वास गुमाउने काम मैले कदापी गरको छैन । यस ५ वर्षको समयावधिमा अतुलनिय सहयोग गर्नुहुने सम्पूर्ण दुल्लूबासी नागरिकहरू, जनप्रतिनिधिहरू, कर्मचारीहरू, राजनैतिक दलका नेता, कार्यकर्ता, सरकारी तथा गैरसरकारी संघ संस्था लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । ज्वाला सिंजा र कर्णाली सभ्यताको त्रिवेणी दुल्लू पञ्चकोशी क्षेत्रको पहिलो नगर प्रमुखको रूपमा काम गर्ने अवसर पाएँ । के-कति सफल भएँ त्यो भविष्यले जनाउला । म रहेसम्म दुल्लू क्षेत्रको विकास, समृद्धि र अग्रगमनको पक्षमा क्रियाशिल रहँदै यस क्षेत्रका नागरिकको जीवनस्तर उकास्न हरपलहरू क्रियाशिल रहने प्रतिबद्धता जाहेर गर्दछु । सार्वजनिक पद धारण गरेपनि, नगरेपनि नागरिकको सेवा नै मेरो एकमात्र कार्य हुनेछ, यसमा म सदा निरन्तर लागिरहनेछु ।

**नमस्कार ! जय नेपाल ।**

